नेपाली राजदूतावास
रियाद, साउदी अरव
**Embassy of Nepal**
Riyadh, Kingdom of Saudi Arabia

سفارة نيبال
الرياض - المملكة العربية السعودية

## प्रेस विज्ञप्ति

व्यवस्थापिका संसदको अन्तर्राष्ट्रिय सम्बन्ध र श्रम समितिका सभापति माननीय श्री प्रभु साहको नेतृत्वमा साउदी अरवको अवलोकन भ्रमणमा आएको प्रतिनिधिमण्डल आफ्नो भ्रमण सम्पन्न गरी आज साउदी अरवबाट कुवेततर्फ प्रस्थान गर्यो ।



साउदी अरवमा कार्यरत नेपाली श्रमिकहरुको अवस्था, उनीहरुको समस्या लगायत नेपाली राजदूतावासको निरीक्षण एवं समस्या अध्ययन गर्ने उद्देश्यले भ्रमणमा आएको संसदिय प्रतिनिधिमण्डलका नेता माननीय श्री साहले सो अवसरमा साउदी अरवका श्रम तथा सामाजिक विकास मन्त्री Dr. Ali Bin Nasser Al Ghafis संग भेटघाट गर्नुभयो । उहांले नेपाली श्रमिकहरुले भोग्नु परेका विविध समस्याहरु उल्लेख गर्दै त्यस्ता समस्या समाधान गर्न साउदी अरवका श्रम तथा सामाजिक विकास मन्त्रीज्यूलाई अनुरोध गर्नुभयो । उक्त अवसरमा माननीय श्री साहले नेपाली श्रमिकको हक हित एवं सुरक्षाको सुनिश्चितता लगायत उनीहरुका सरोकारका अन्य विषयमा विशेष ध्यानाकर्षण गराउनु भएको थियो । भेटका अवसरमा नेपाल र साउदी अरववीच पारस्पारिक हित अभिवृद्धि गर्ने अन्य विषयमा समेत कुराकानी भएको थियो ।



साउदी अरवका श्रम तथा सामाजिक विकास मन्त्रीले नेपाली प्रतिनिधिमण्डललाई साउदी अरवमा हार्दिक स्वागत गर्नुभयो । नेपाली श्रमिकको उच्च प्रसंशा गर्दै उहांले साउदी अरवमा नेपाली श्रमिकहरुलाई सबैले मन पराउने भएकोले उनीहरुको माग पनि उच्च रहेको कुरा उल्लेख गर्नुभयो । श्रमिकहरुका समस्या समाधान गर्न प्राथमिकता

ص.ب ٩٤٣٨٤ الرياض ١١٦٩٣ - المملكة العربية السعودية - تلفون : ٤٦١١١٠٨-٤٦٤٥١٧٠-١١-٩٦٦ - فاكس : ٤٦٤٠٦٩٠-٤٦٥١٨٢٢-١١-٩٦٦
P.O. Box 94384 Riyadh 11693 - Saudi Arabia - Tel. : 966-11-4611108-4645170 - Fax : 966-11-4640690-4651823
Web Site: www.neksa.org E-mail: info@neksa.org :بريد الكتروني

नेपाली राजदूतावास
रियाद, साउदी अरब
**Embassy of Nepal**
Riyadh, Kingdom of Saudi Arabia

سفارة نيبال
الرياض - المملكة العربية السعودية

दिने प्रतिवद्धता व्यक्त गर्दै यस्ता समस्या समाधान गर्न सहयोग पुग्ने भएकोले श्रम सम्झौता एवं घरेलु कामदार सम्वन्धी सम्झौतालाई छिटो सम्पन्न गरौं भनी अनुरोध समेत गर्नुभयो । नेपाली प्रतिनिधिमण्डलका नेता एवं साउदी अरवका श्रम मन्त्रीवीच भएको भेटघाट पछि दुवै देशका प्रतिनिधिमण्डलवीच द्विपक्षीय वार्ता समेत सम्पन्न भएको थियो ।



त्यसैगरी उक्त अवधिमा प्रतिनिधिमण्डलद्वारा राजधानी रियाद आसपास र पूर्वी क्षेत्र दम्माम, जुवेल आदि स्थानमा गई नेपालीहरु कार्यरत विभिन्न कम्पनीको अवलोकन, नेपाली श्रमिकहरु, नेपालीहरुद्वारा गठित संघ संस्थाका पदाधिकारी र नेपाली राजदुतावासका कर्मचारीहरुसंग छुट्टा छुट्टै अन्तर्रक्रिया गरी नेपाली श्रमिकको अवस्था लगायत उनीहरुले भोगीरहेका समस्याका वारेमा सविस्तार जानकारी लिने काम भयो । प्रतिनिधिमण्डलका नेता माननीय प्रभु साहले अन्तर्रक्रियाका अवसरमा विभिन्न सहभागीहरुले नेपालको वैदेशिक रोजगारीलाई व्यवस्थित एवं सुरक्षित वनाउने एवं अन्य समसामयिक विषयमा राखेको जिज्ञासाको जवाफ दिनुभयो । उहांहरुले घरेलु कामदारको लागि आई अलपत्र परी हाल राजदूतावासको आश्रयस्थलमा रहेका महिलाहरु, अलपत्र परी राजदूतावासमा रहेका पुरुप कामदारहरु, विभिन्न कम्पनीमा काम गर्ने पीडित नेपालीहरुसंग प्रत्यक्ष्य कुराकानी गरी उनीहरुको समस्याका वारेमा जानकारी लिनु भएको थियो ।

व्यवस्थापिका संसदको अन्तर्राष्ट्रिय सम्बन्ध तथा श्रम समितिका सभापति माननीय प्रभु साहको नेतृत्वमा उक्त समितिका माननीय सदस्यहरु अशोक कुमार मण्डल, प्रेम किशोर साह, विनोद श्रेष्ठ, राज्यलक्ष्मी श्रेष्ठ पाण्डे, राधादेवी तिमिल्सिना, ललिता रेग्मी सहितको प्रतिनिधिमण्डलद्वारा यही मार्च १८ देखि २२ सम्म साउदी अरवको अवलोकन भ्रमण सम्पन्न गरेको थियो ।

नेपाली राजदूतावास रियाद
२२ मार्च २०१७

नेपाली राजदूतावास
रियाद

ص.ب ٩٤٣٨٤ الرياض ١١٦٩٣ – المملكة العربية السعودية – تلفون : ٤٦١١١٠٨-٤٦٤٥١٧٠-١١-٩٦٦ – فاكس : ٤٦٤٠٦٩٠-٤٦٥١٨٢٣-١١-٩٦٦
P.O. Box 94384 Riyadh 11693 - Saudi Arabia - Tel. : 966-11-4611108-4645170 - Fax : 966-11-4640690-4651823
Web Site: www.neksa.org E-mail: info@neksa.org بريد الكتروني: